# इकाईद्धारा ज्ञान आदानप्रदान कार्यक्रम आयोजना

वित्तीय जानकारी इकाईले मिति २०८१ पुस २४ गते बुधबारका दिन आफ्ना कर्मचारीहरू बीच ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । उक्त कार्यक्रममा इकाई प्रमुख/निर्देशक सहित सम्पूर्ण कर्मचारीहरुको उपस्थिति रहेको थियो ।




कार्यक्रममा सहायक निर्देशक समीर कुमार सिंहले नेपाल र भारतको Mutual Evaluation Report का सम्बन्धमा प्रस्तुती गर्दै नेपालले सुधार गर्नु पर्ने पक्षहरु औंल्याउनु भएको थियो । उहाँले सो विषयमा उठेका प्रश्नहरुको समेत सम्बोधन गर्नुभएको थियो । त्यसैगरी उप निर्देशक विष्णु प्रसाद गुरागाईं, सहायक निर्देशकहरु अमिष शर्मा र अर्चना धिताल आचार्यले विभिन्न समयमा लिनु भएका वैदेशिक तालिमबाट प्राप्त अनुभव तथा ज्ञान आदानप्रदान गर्नुभएको थियो ।

उक्त कार्यक्रममा इकाई प्रमुख/निर्देशक वासुदेव भट्टराईले सहभागीहरुले राखेका जिज्ञासा र सुझाव प्रति आफनो धारणाका साथै शंकास्पद कारोबार प्रतिवेदन र शंकास्पद गतिविधि प्रतिवेदनको विश्लेषणमा गुणात्मक तथा परिमाणात्मक सुधार गर्नुपर्ने व्यहोरा औंल्याउदै अन्तराष्ट्रिय असल अभ्यासहरुको अवलम्वन गर्न जोड दिनु भयो । कार्यक्रमको सहजीकरण उप-निर्देशक खिलनाथ दाहालले गर्नु भएको थियो ।